नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं पौष २६ गते २०२२ साल

श्री ५ को सरकार

प्रचार प्रसार मन्त्रालयको

सूचना

यस मन्त्रालय अन्तर्गत संस्कृति विभागको नयां दरवन्दीको खालि सेक्शन अफिसर पद ४ मध्ये निजामती सेवा नियमावली, २०२१ को परिच्छेद ८ को नियम २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले निति ०२२-९-४-१ देखि संस्कृति विभागका ना. सु. रामभान प्रधान, ना. सु. श्री गोविन्दप्रसाद तिमिल्सिना र नाटक निर्देशक (ना. सु. सरह) श्री गोपीनाथ अर्ज्यालिलाई कायम मुकायम मुकरर गरेको छ ।

विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

प्रचार प्रसार मन्त्रालयको

सूचना

श्री ५ को सरकारको मिति ०२२।६।२५।२ को निर्णयबमोजिम श्री महेन्द्रनाथ खनाल-लाई कृषि सेवाको प्राविधिक गजेटेड तृतीय श्रेणीको पदबाट नेपाल प्रशासन सेवामा सरुवा गरी यस मन्त्रालय अन्तर्गतको संस्कृति विभागका निर्देशक पदमा कायम मुकायम नियुक्ति गरिएको छ ।

विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव ।

६३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।